# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः६ संख्याः१३ मितिः २०७९\०९\२१


भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिकाको शैक्षिक छात्रवृत्ति वितरण कार्यविधि,२०७९

**प्रस्तावना :**

लिखु तामाकोशी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययन गरी उच्च शिक्षा र प्राविधिक शिक्षा प्राप्त गर्न आर्थिक रूपले विपन्न, जेहेन्दार, आदिवासी जनजाति महिला, दलित एवम् अपाङ्ग विद्यार्थीहरूलाई आर्थिक रूपले सहज होस् भन्ने उद्देश्यका साथ लिखु तामाकोशी गाउँपालिकाले शैक्षिक छात्रवृत्ति वितरण कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकाले,

**स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार र गाउँ शिक्षा ऐन २०७७ को दफा ६२** ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँ कार्यपालिकाले यो **लिखु तामाकोशी गाउँपालिकाको शैक्षिक छात्रवृत्ति वितरण कार्यविधि, २०७९** जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"लिखु तामाकोशी गाउँपालिकाको शैक्षिक छात्रवृत्ति वितरण कार्यविधि, २०७९"** रहेको छ।

क. यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा र प्राविधिक शिक्षा प्राप्त गर्न इच्छुक गाउँपालिका भित्र बसोबास गर्ने विद्यार्थीहरूलाई मात्र केन्द्रित गरी तयार गरिएको छ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

क. **"कार्यपालिका"** भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

ख. **"गाउँपालिका"** भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्छ।

ग. **" विद्यालय"** भन्नाले सामुदायिक विद्यालयलाई सम्झनु पर्छ

घ. **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा गाउँपालिकाको शिक्षा अधिकृत कर्मचारीलाई सम्झनु पर्छ

ङ. **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा/उपशाखा वा ईकाईलाई सम्झनु पर्छ

च. **"जेहेन्दार विद्यार्थी "** भन्नाले छातत्रवृत्तिका लागि आवेदन दिने लिखु तामाकोशी गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीमध्ये कक्षा १० र कक्षा १२ मा उच्चत्तम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्छ।

छ. **"समिति"** भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

ज. **"शिक्षा समिति "** भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

झ. **"प्राविधिक शिक्षा छात्रवृत्ति "** भन्नाले नेपाल सरकारले प्राविधिक धार भनी किटान गरिएको शिक्षा अध्ययन गर्न वितरण गर्ने छात्रवृत्ति सम्झनु पर्छ।

ञ. **"उच्च शिक्षा चात्रवृत्ति "** भन्नाले स्नातक, स्नातकोत्तर वा सो भन्दा माथिको शिक्षा अध्ययन गर्न वितरण गर्ने छात्रवृत्ति सम्झनु पर्छ।

ट. अन्य परिभाषा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ र शैक्षिक व्यवस्थापन कार्यविधि २०७९ बमोजिम हुनेछ।

## परिच्छेद -२

## छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति

३. छात्रवृत्ति वितरण तथा व्यवस्थापन गर्न गाउँपालिकामा देहाय वमोजिमको छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क)गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | – सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) गाउँ कार्यपालिकाका सदस्य मध्ये समितिले मनोनयन गरेको एक जना | – सदस्य |
| (ङ) शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृत | – सदस्य–सचिव |

४. **छात्रवृत्ति वितरण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारहरूः**

क. छात्रवृत्ति वितरणका लागि तोकिएको अनुसूची बमोजिमको ढाँचामा फारम भर्न सूचना प्रकाशन गर्ने।

ख. सूचना प्रकाशन पश्चात फारम भर्ने विद्यार्थीहरूका कागजात तथा प्रमाणपत्रहरू रूजु गर्ने।

ग. छात्रवृत्ति प्राप्त गर्न निश्चित आधारहरू तय गरी योग्य विद्यार्थी छनौट गर्ने।

घ. सम्बन्धित शिक्षालय वा क्याम्पसको खातामा रकम निकासाका लागि शिक्षा युवा तथा खेलकुद शाखालाई सिफारिस गर्ने ।

## परिच्छेद -३

## छात्रवृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरू

५. प्राविधिक विषय तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपशिल बमोजिमका प्रक्रियाहरू अपनाउनु पर्ने छ।

क. प्राविधिक विषय तथा उच्च शिक्षा अध्ययन गर्नका लागि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा अनुसूची २ बमोजिमको आधारहरू सहित सूचना प्रकाशन गर्ने।

ख. दर्ता भएका कागजात तथा प्रमाणपत्रहरू रूजु गर्ने।

ग. दर्ता भएका निवेदन अनुसूची २ बमोजिमका आधारहरू बमोजिम छुट्टाछुट्टै दर्ता गर्ने।

घ. उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरूका विवरण र प्रमाणित कागजातको आधारमा अनुसूची ३ अनुसारको ढाँचामा विद्यार्थीहरूलाई अङ्क प्रदान गर्ने।

ङ. प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम निर्धारण गर्ने।

च. तयार पारिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृतिका लागि विद्यार्थीको छनौट गर्ने।

छ. गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले छनौट भएका विद्यार्थी अध्ययनरत शिक्षालय तथा कलेजहरुको खातामा एकमुष्ट रूपमा छात्रवृत्ति रकम निकासा गर्ने र छनौट भएको विद्यार्थीको नामनामेसी तथा रकम सहितको निकासापत्र समेत दिने।

ज. रकम प्राप्त भएपछि शिक्षालय तथा कलेजहरुले छात्रवृत्ति रकम वितरण गरी सोको भर्पाई यस गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने।

## परिच्छेद -४

## विविध

६. **अनुगमनः** विद्यार्थीहरूलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अनुगमन गर्न सक्ने छ।

७. **संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ।

८. **प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ।

९. **बचाउः** यस अघि भए गरेका छात्रवृत्ति वितरण समबन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

## परिच्छेद २ दफा ४ को उपदफा (क) संग सम्बन्धित

<table>
<tr><td colspan="3">लिखुतामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धोबी बजार, रामेछाप ।</td></tr>
<tr><td colspan="3">शैक्षिक छात्रवृत्ति वितरणको आवेदन फाराम</td></tr>
<tr><td colspan="2">१. विद्यार्थीको नामः</td><td>२. अध्ययनरत तह/ विषयः</td></tr>
<tr><td colspan="2">३. स्थायी ठेगानाः</td><td>४. लिङ्गः</td></tr>
<tr><td colspan="3">५. जाति/जनजातिः (क)ब्रामण /क्षेत्री (ख) जनजाति (ग) दलित (घ) अन्य</td></tr>
<tr><td colspan="3">६. अध्ययनरत कलेज/शिक्षालयको नामः</td></tr>
<tr><td colspan="3">७. अध्ययनरत कलेज/शिक्षालयको किसिमः (क) सामुदायिक (ख) संस्थागत (ग) अन्य</td></tr>
<tr><td colspan="2">८.परिचय पत्र नं.</td><td>९. बुबा/ आमाको नाम थरः (क)..........................................</td></tr>
<tr><td colspan="3">१०. बुबा/ आमाको अवस्थाः (क) दुबै भएको (ख) बुबा भएको आमा नभएको (ग) आमा भएको बुबा नभएको (घ) दुबै नभएको</td></tr>
<tr><td colspan="2">११. SEE वा NEB+2 को ग्रेडः</td><td>१२. परिवारिक प्रमुख आयस्रोतः</td></tr>
<tr><td colspan="3">१३.छात्रवृत्ति फारम भरेको समूहः (क) खुला /जेहेन्दार (ख) महिला (ग) जनजाति (घ) दलित (ङ) अपाङ्गता (च) अन्य</td></tr>
<tr><td>निवेदक<br>सम्बन्धित विद्यार्थीकोः</td><td>सिफारिस गर्ने<br>सम्बन्धित शिक्षण संस्थाको प्रमुखको</td><td>प्रमाणित गर्ने<br>शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख/ अधिकृतको</td></tr>
<tr><td>नामः</td><td>नामः</td><td>नामः</td></tr>
<tr><td>हस्ताक्षरः</td><td>हस्ताक्षरः</td><td>हस्ताक्षरः</td></tr>
<tr><td>मितिः</td><td>मितिः</td><td>तह/पदः</td></tr>
<tr><td>सम्पर्क नं.</td><td>सम्पर्क नं.</td><td>मितिः</td></tr>
<tr><td>विद्यार्थी अध्यनरत शिक्षण संस्थाको छाप</td><td>गाउँपालिकाले भर्ने</td><td>गाउँपालिकाको छाप</td></tr>
<tr><td rowspan="4"></td><td>फाराम दर्ता नम्बरः</td><td rowspan="4"></td></tr>
<tr><td>फाराम दर्ता मितिः</td></tr>
<tr><td>फाराम दर्ता गर्नेको नामः</td></tr>
<tr><td>फाराम दर्ता गर्नेको हस्ताक्षरः</td></tr>
</table>

**फारम साथ अनिवार्य रूपमा पेश गर्नु पर्ने कागजातहरू ( कागजात अपुग भएमा फाराम दर्ता नहुने)**

१. *विद्यार्थीको नागरिता/ जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।*
२. *समबन्धित शिक्षण संस्थाको अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रमाणित प्रतिलिपि।*
३. *अपाङ्गताको लागि पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रमाणित प्रतिलिपि।*
४. *आमाबुबा दुबै नभएमा वा आमा नभएमा वा बुबा नभएमा सम्बन्धित वडाको प्रमाणित सिफारिस।*
५. *आदिवासी जनजाति र दलितको हकमा त्यही जाति हो भन्ने आधिकारिक निकायबाट प्माणित* पत्रको प्रतिलिपि *(नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन र राष्ट्रिय दलित आयोगमा सुचीकृत नभएका जातिहरूका लागि मात्र)*
६. *SEE/ NEB +2* को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

## अनुसूची - २

## परिच्छेद ३ दफा ५ को उपदफा (क) संग सम्बन्धित

| शैक्षिक छात्रवृत्ति वितरणका आधारहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **छात्रवृत्ति प्रदान गर्नुपर्ने वर्गहरू** | **प्राविधिक विषयका लागि संख्या** | **सामान्य शिक्षाका लागि संख्या** | **कैफियत** |
| १. | खुल्ला /जेहेन्दार | ८ | ५ | आधारहरू २,३,४,५ र ६ बमोजिम छात्रवृत्तिका लागि विद्यारर्थी छनौट नभएमा आधार १ को योग्यताक्रमबाट छनौट गरिने छ। |
| २ | महिला | २ | २ | |
| ३ | आदिवासी/जनजाति | २ | २ | |
| ४ | दलित | २ | १ | |
| ५ | अपाङ्ग | १ | १ | |
| ६ | अन्य | ३ | २ | |

**जम्मा सङ्ख्याः१८+१३= ३१**

## अनुसूची - ३

## परिच्छेद ३ दफा ५ को उपदफा (घ) संग सम्बन्धित

| शैक्षिक छात्रवृत्ति वितरण गर्नका लागि विद्यार्थी छनौटको मूल्याङ्कन फाराम | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **मूल्याङ्कनका आधारहरू** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| १ | **SEE वा NEB +2 को ग्रेड** | २० | | |
| | क.३.६ वा सो भन्दा माथि | | | |
| | ख. २.८ देखि ३.५९ सम्म | | | |
| | ग. २.० देखि २.७९ सम्म | | | |
| | घ. २.० भन्दा कम | | | |
| २ | **अध्ययनरत संस्था** | २० | | |
| | क.सामुदायिक | | | |
| | ख.संस्थागत | | | |
| | ग. अन्य | | | |
| ३ | **परिवारको प्रमुख आयस्रोत** | २० | | |
| | क.कृषि | | | |
| | ख. वैदेशिक आय | | | |
| | ग. व्यापार | | | |
| | घ. नोकरी | | | |
| ४ | **आमाबुबाको अवस्था** | २० | | |
| | क.आमाबुबा दुबै नभएको | | | |
| | ख. आमाबुबामध्ये एकजना नभएको | | | |
| | ग. आमाबुबा दुबै भएको | | | |
| ५ | **अन्तर्वार्ता** | २० | | |

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(बिनोद कुमार अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९/०९/२१